धार्मिक तथा ऐतिहासिक स्थल
बेत्रावती

-सुवास आगमन

परिचय :

नेपाल सुन्दर, शान्त र विशाल छ। यहाँ आफ्नै मौलिक भाषा रिति रिवाज र संस्कृतिहरु रहेको छ । थुप्रै धार्मिक तिर्थस्थलहरु छन् । पुराण आदि धर्म ग्रन्थहरुमा उल्लेख भएका ठाउँहरु नै अहिले धार्मिक स्थलको रुपमा परिचित छन् । यि स्थानहरुले आफ्नो छुट्टै महत्व बोकेका हुन्छन् । यस्तै धार्मिक तथा ऐतिहासिक महत्व बोकेको स्थल हो बेत्रावती । बेत्रावतीलाई धार्मिक रुपमा उत्तरगयाको नाममा चिनिन्छ । यो बागमती अञ्चलको रसुवा जिल्ला लहरेपौवा गा.वि.स. वडा नं. १ र नुवाकोट जिल्लाको गेर्खु-९ (रसुवा नुवाकोटको सिमाना) मा पर्दछ । राजधानी बाट करीब ३/४ घण्टा को सवारी यात्रा बाट सजिलै पुग्न सकिने बेत्रावती बजार स्वच्छ, सुन्दर र रमणिय छ । अधिकांश नेवारी समुदायको बजार क्षेत्रमा बसोबास रहेको छ भने वरीपरीका क्षेत्रहरुमा ब्राम्हण, क्षेत्री, तामाङ्ग र मगरहरुको बसोबास रहेको छ। बेत्रावती वरीपरीका गाउँ बस्तीको प्रमुख व्यापारीक केन्द्र पनि हो।

नामाकरण

बेत्रावतीको नामाकरणको सम्वन्धमा एउटै किसिमको मत रहेको पाइन्छ । तर शब्द अपभ्रंसको विषयमा भने मतमतान्तर रहेको छ । बुढा पाकाहरु बेदको छडी बाट उत्पन्न वेत्रगंगाको नाम बाट बेत्रावती नाम रहेको बताउँछन् ।पण्डित कैलाशनाथ पौडेलज्यूले आफ्नो ऐतिहासिक कृति "गोशाइकुण्ड देखि देवघाट सम्मको पौराणिक इतिहास" मा - वेत्रगंगाको नाम बाट यस ठाउँको नाम वेत्रामती रह्यो । वेत्रामती भन्दा भन्दै बेत्रावती भनिन थालियो, भन्ने उल्लेख गर्नु भएको छ । शैक्षिक पुञ्ज स्मारिका ने.रा.शि.संघ रसुवामा प्रकाशित, "गोशाइकुण्ड र यसको बहुपक्षिय महत्व" लेखमा - वेदको छडी बाट उत्पत्ति भएका कारण गंगाको नाम वेद गंगा रहेको, यस गंगको नाम बाट ठाउँको नाम वेदवती रहेको र वेदवती अपभ्रंस भइ बेत्रावती नाम रहन गएको अनुमान पनि गर्न सकिन्छ भन्ने लेखिएको छ । (बेत्रावतीको इतिहासको अध्ययनको क्रममा केही अग्रजहरुले राख्नु भएको मतको आधारमा मैले यो कुरा अघि सारेको हुँ ।)

तर अध्ययनकै क्रममा माथि उल्लेखित दुइ तर्कहरु भन्दा यो अझ विश्वशनिय रहेको ठानेको छु। यहाँ-

बेत-ना.(सं.वेत/वेत्र) बाँसका जस्ता पात र आँख्ला हुने, सन्दुक लौरी आदि उपयोगी बस्तु बनाइने एक जातको लहरो ।

वपी-ना.(सं.) सानो जलाशय, कुवा, पनेरो

(दुवै शव्दहरुको अर्थ बृहत् शव्दकाषको आधारमा रहेको छ) । अत :वेत्रको छडी बाट सानो जलाशय उत्पत्ति भएको हुनाले यस क्षेत्रको नाम वेत्रवपि रह्यो । र वेत्रवपि अपभ्रंस हुँदै वेत्रवती र कालान्तरमा वेत्रावती रहेको अनुमान पनि गर्न सकिन्छ । हाल यस नामलाइ वोली चालीमा "वेत्राती"पनि भनिने गरिएको छ। अव भने यसले आफ्नो रुप नफेरोस् ।

धार्मिक पक्ष

धार्मिक बेत्रावतीलाई रुपमा उत्तरगयाको नामले चिनिन्छ। श्रीमद भागवतको हिमवत खण्डमा उत्तरगया को विषयमा प्रस्ट रुपमा लेखिएको छ । विश्व रक्षा गर्ने पवित्र उद्येश्यले भगवान शिवले कालकुट विषको सेवनले औडाह भएर: कैलाश कुट बाट गोशाइकुण्ड प्रश्थान गर्दा शुल पर्वतको फेदी -हालको बेत्रावती बजार) मा आइपुगे पछि विषको औडाहले आफुले टेकी हिडेको वेदको लौरो जमिनमा गाड्नु भयो र तप्त गंगा ढुङ्गाको चेपबाट निस्कीन् । जुन नदीलाई आज वेत्रगंगाको नामले चिनिन्छ। यस विषयमा श्रीमद भागवतमा यस्तो लेखिएको छ ।

वेत्रेप्राहणतत्र प्रनि : सृजं जलं शिवम् ।

वेत्रोद्भवा नदी श्रेष्ठा वेत्र गंगेति संस्मृता :।

गंगा तुल्या समुत्सावै देवा सुरार्षिभी-: स्तुता :॥

गोशाइकुण्ड मुहान गरी बग्ने त्रिशुली गंगा बेत्रावतीमा आएपछि वेत्रगंगा र रुद्रगंगा संग मिसिन जान्छ यही त्रिवेणीलाई उत्तरगया पुण्य स्थलको रुपमा चिनिन्छ । "गया गयो गयादित्यौ गायत्रिश्च गदाधर" भन्ने उक्तिले पनि हामी यस क्षेत्रको धार्मिक महत्व बुझ्न सक्छौ। बुढापाकाहरु गया स्नानमा जाँदा त्यहाँ उत्तरगयामा स्नान गरेको छ की छैन भनेर सोध्ने चलन अझै सम्म पनि विद्यमान रहेको बताउँछन् ।

श्राद्धभूमौ गयाध्यात्वा तथादेव गदाधर :।

उभाम्याम् च नमस्तुम्य : तत् श्राद्धम् समारभेत् ॥

उत्तरगयामा त्रिगगा भएकोले पनि यसको विशेष महत्व रहेको छ । यस त्रिवेणीमा स्नान दानादी कर्मले ब्रम्ह हत्या, गो हत्या, स्त्री हत्या जस्ता भयंकर पापहरु सजिलै संग नाश हुन्छन् भन्ने मानिन्छ र यहाँ जप दान यज्ञ जे गरेपनि उत्तरगयाले सबै अक्षय फल दिन्छ भन्ने विश्वाश गरिन्छ ।

श्री ५ पृथ्वी नारायण शाह बाट पितृ मुक्तिका लागि उत्तरगयामा श्राद्धादि कर्म गरी गोशाइकुण्ड पुगेर फर्कदाँ वेत्रावतीमा रामचन्द्र मन्दिरको स्थापना गरी गुरुज्यू रङ्गनाथ पौडेललाई धैबुङ क्षेत्र गोशाइकुण्ड, कालिका माई र राम मन्दिरमा पूजा आजा सञ्चालनको लागि विर्ता दिइएको कुरा इतिहासमा पढ्न पाईन्छ ।

राम मन्दिरमा जोगी सीताराम पुडासैनीले २०१९ सालमा चढाएको एउटा ठूलो घण्ट रहेको छ । अन्य भक्तजनहरुले पनि स्वर्गवासीहरुको स्मृतिमा घण्टहरु चढाउने, बरपिपल सार्ने चलन बढ्दै छ। सोमलाल लवट, शंकरदास डंगोल यो उदाहरणीय कार्य गर्ने नमुना व्यक्तिहरु हुन् । यो मन्दिरमा रहेको सीताको मुर्ति २०४० साल चोरी भएको थियो । हाल सम्म यो मुर्ति पाउन सकिएको छैन र यसको खोजीको विषयमा पनि सम्बन्धित पक्षहरुको उचित ध्यान गएको देखिदैन । स्थानिय मुर्तिकार चित्र बहादुर राना मगरले कुदेको प्रस्थर मुर्ति हराएको मुर्तिको सट्टामा राखिएको छ । भक्तजनहरु हराएको र प्रतिस्थापित मूर्तिको कलात्मक पक्षमा खासै भिन्नता नरहेको बताउँछन् ।

बजार केही भन्दा केही माथि बनदेवीको खुल्ला मन्दिर रहेको छ। यो मन्दिरमा पनि जोगी सीताराम पुडासैनीले २०१९ सालमा चढाएको एउटा ठूलो घण्ट रहेको छ। बजार भन्दा केही तल संन्सरी देवीको खुल्ला पुजा स्थल रहेको छ । यहाँ रहेको सिलामा ढ्याङ्ग्रोको छाप छ । त्यसै गरी बजार भन्दा केही माथि बोगटीटारमा सीता देवीको पुजा स्थल रहेको छ । हिन्दु धर्म स्थल मन्दिर, पाटी, पौवा मात्र नभई यहाँ बौद्ध धर्मावलम्वीहरुका लागि सातविसे मा ठूलो बौद्ध स्तुप रहेको छ। यहाँ तिन टन गह्रौंगो थाइल्याण्डमा बनेको विशाल बुद्ध मुर्ति रहेको छ। हाल सालै स्लामी धर्मावलम्वीहरुले पनि एउटा चर्चको स्थापना गरेका छन् ।

यही २०६० कार्तिक २७ गते राती स्थानीय गेर्खु गा.वि.स.४ भैसे निवासी साधारण किसान सन्त बहादुर तामाङलाई सपनामा दिएको आधारमा सपरिवार निलकण्ठ महादेवको उत्पत्ति भएको छ । सो स्थानमा कुमार, गणेश, महादेव, पार्वती, बसाह र नाग एउटै विशाल प्रस्थर शिलामा चित्रांकित छ ।

ऐतिहासिक पक्ष

बेत्रावती नेपाली इतिहासको क्षेत्रमा नौलो नाम होइन । नेपाल र हाल चीनको स्वसासित क्षेत्र तिव्वत संग बि.सं. १८४९ को मैत्री पूर्ण सन्धि यसै स्थानमा भएको थियो । जुन सन्धिलाइ वेत्रावती सन्धीको नामले चिनिन्छ । यो सन्धिको लिखित प्रमाण पाइएको छैन । मौखिक रुपमा नै यो सन्धि भएको मानिन्छ ।

वि.सं. १८४६ ज्येष्ठ ११ (२ जुन १७८९) का दिन केरुङमा भएको सन्धि अनुसार केवल "वार्षिक रु.५०,००१/- तिव्वतले नेपाललाई कर्कट संक्रान्तिको महिना दिन भित्र बुझाउने" भन्ने उल्लेख छ तर वि.सं. १८४७ को रकम भोटले नेपाललाई बुझाएन र वि.सं. १८४८मा आएर रकम बुझाउने सम्वन्धमा एक पल्ट वार्ता गर्न नेपाली पक्षलाई भोट सरकारले अनुरोध गऱ्यो ।

दुवै पक्ष बाट वार्ता विथोल्ने किसिमको कार्यहरु मात्र भए जसको कारण यसै वर्षको श्रावण २० (६ अगस्ट १७९१) मा नेपाल र भोट बीच युद्ध शुरु भयो । यो युद्धमा तिव्वतलाई चीनले सहयोग गऱ्यो जसको कारण नेपालले ठूलो क्षती व्यहोर्नु पऱ्यो । चिनिया फौज बेत्रावती सम्म आइपुगेकाले काठमाडौको लागि नै खतरा भइ बहादुर शाहले राज्य कोषलाइ समेत मकवानपुर सार्ने आदेश दिए । त्यस पछि नेपालले चीनिया शर्तहरु नमानीकन सुख पाएन । अन्तमा वि.स.१८४९ आश्विन 1७ गतेका दिन (सन् १७९२ अक्टुवर ५) दुवै पक्षका वीच वेत्रावतीमा सम्झौता भई युद्धको अन्त भयो ।

यो सन्धीले तत्कालीन अर्थ जगतमा हलचल नै ल्याइदियो । यो सम्झौता अनुसार नेपालले वि.सं. १८४६को सन्धि बाट पाएको सबै अधिकार गुमाउनु पऱ्यो । सयौं वर्ष देखि नेपालले गर्दै आएको भोटको लागि टक छाप्ने काम बन्द गर्नु पऱ्यो । नेपाल र भोट बीच कुनै विवाद उठेमा त्यसको समाधान चिनियाँ पक्षले गर्ने र चिनियाँ बादशाहको सम्मानमा नेपालले प्रत्येक ५ बर्षमा एउटा शिष्ट मण्डली चीन पठाउनु पर्ने भयो । कुती र केरुङ क्षेत्रमा चिनियाँ अधिकारीहरुले रेखाङ्कन गरेको सीमानालाई मान्नुपर्ने भयो । दीगार्चामा लुटेको सम्पत्ति र श्यामार्पा लामाको शव फिर्ता गर्नु पर्ने भयो । पुर्खाहरुको विरताको यो गाँथा जीवन्त राख्न अझै सम्म पनि रसुवाको गोल्जुङ क्षेत्रमा "ताबु छेवा" (घोडे नाच) नाच नाचिने चलन छ । यो नाचमा नेपाल तिव्वत युद्ध र बेत्रावती सन्धीलाई कलात्मक शैली बाट प्रस्तुत गर्ने गरेको पाइन्छ । यो सन्धिलाई नेपाली इतिहासमा ठूलो महत्वको साथ हेर्ने गरिन्छ ।

स्थानिय मेला तथा चाडपर्व

धार्मिक तथा ऐतिहासिक स्थल बेत्रावतीमा विभिन्न समयमा मेला तथा जात्रा पर्व लाग्ने गर्दछ। जनै पुर्णिमाको भोली पल्ट नेवारी समुदायमा प्रचलित लाखे नाच, गाईजात्रा पर्व मनाउने चलन रहेको छ। लाखे नाच गोठेमङ्गल औंशी देखि कृष्ण अष्टमीको भोली पल्ट सम्म नाचिने चलन छ। यो नाचमा प्रचलित बाजा, नाच तथा मखुण्डो काठमाडौं उपत्यकाको भन्दा छुट्टै रहेको छ।

हरि बोधनी एकादशीको दिन पितृहरुको स्मृतिमा फूलको डोरी (तोरण) तार्ने चलन रहेको छ। यो फूलको डोरी तार्न डाँडा पाखाका गाउँ गाउँ बाट सामूहिक रुपमा पन्चे बाजा, वालन, भजन, भ्याउरे गीत, मारुनीआदि सांस्कृतिक रमझमका साथ ल्याइने चलन छ। राम नवमीको दिन बजारमा अवस्थित राम मन्दिरमा राम सीताको विवाह गराउने चलन रहेको छ। सो गुठीको सन्चालकहरु बाट सातु बाँड्ने, राम सीतालाई रथमा राखेर बजार परिक्रमा गराउने पनि गरीन्छ।

पौषे औंशी (गया औंशी)का दिन उत्तर गया पुण्य भूमिमा श्राद्ध गरेर तर्पण दिएको दिवंगत पितृहरुको हातमा पर्ने, पितृ तर्न सक्ने विश्वासले देशका कुना कुनावाट हजारौंको संख्यामा पितृ भक्तहरु श्राद्ध गर्न आउँछन् ।हिन्दु धर्मावलम्वीहरु मात्र नभइ बौद्ध धर्मावलम्वी हरु पनि यहाँ श्राद्धका लागि आउँदछन्।

बुद्ध जयन्तीको दिन सातविषे स्थित बुद्ध स्तुपमा पुजाआजा गर्ने चलन छ। कृष्ण अष्टमीका दिन कृष्णलाई रथारोहण गर्ने तथा भजन कीर्तन गरी पुजा गर्ने गरीन्छ। त्यसै गरी माघे संक्रान्तीका दिन सत्री फाँट गोरु जुधाउने चलन रहेको छ। तर केही बर्ष यता यो पर्व लोप हुने अवस्थामा पुगेको छ। कला, धर्म, संस्कृति नै हाम्रो परिचय भएको हुनाले यसको संरक्षण र विकास गर्नु हाम्रो प्रमुख कर्तव्य हो।

उपसंहार

बेत्रावती पर्यटन विकासको दृष्टिकोणले पनि सम्भावित र महत्व पुर्ण क्षेत्र हो। यसको ऐतिहासिक तथा धार्मिक महत्वको प्रचार प्रसार गर्न सकियो भने पर्यटन क्षेत्रमा निश्चित रुपमा विकास हुन सक्छ। उत्तरगया क्षेत्रको विकासको लागि भनेर जति थरी समिति, समूह संस्था क्लव गठन गरीए पनि योजना अनुरुपको कार्य नहुँदा यो माथि उठ्न सकिरहेको छैन। ऐतिहासिक मठमन्दिर कला धर्म संस्कृति र रितिरिवाजको संरक्षण विकास गर्नु समाज विकासको दृष्टिकोणले ज्यादै आवश्यक कुरा हो।

यस क्षेत्रको वरी परी पृथ्वीको गर्भमा थुप्रै इतिहास लुकेका हुन सक्छन् । छरिएर रहेका सिलालेख हरुको संरक्षण र अध्ययनले थप ऐतिहासिक तथ्य हरु आउन सक्छ । यस्ता इतिहास बोल्ने शिलाहरुको संरक्षण र अध्ययन हुनु जरुरी देखिन्छ ।

बजारको बढ्दो जनसंख्याको चापले वातावरण प्रदुशित हुँदैछ । जथाभावी फोहर मैला फालीनाले पानी नै दुषित बन्न पुगेको छ । यो वातावरण र स्वास्थ जस्तो गहन विषयलाई समय मै सोचिएन भने पश्चातापको भुमरीमा पर्नु सिवाय अरु केही हुने छैन ।

<u>सन्दर्भ सामग्रीहरु</u>

१. पौड्याल कैलाशनाथ, पौराणिक इतिहास २०५९
२. पितम्बर लाल यादव, नेपालको राजनैतिक इतिहास
३. बुद्धि नारायण श्रेष्ठ, नेपालको सिमाना २०५७

वेत्रावती बजार, रसुवा
हाल ललितकला क्याम्पस
पो.ब.नं. २१२५३, (काठमाडौं)

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

यस निलकण्ठ उच्च मा.वि., बोगटीटार, रसुवामा मिति ०६१ साउन १ देखि कक्षा ११ मा मानविकी तथा शिक्षा संकाय तर्फ धमाधम भर्ना लिईदैछ ।

समय मै भर्ना भई आफ्नो सिट सुरक्षित राख्नु होला ।

प्राचार्य

विषय सूचि

१)	प्रतापपुर	शिवराम भट्ट	कविता	१
२)	आमा तिमीमा.....	मुकुन्द रिमाल	गीत	२
३)	गजल	मVrik	गजल	३
४)	केही राम्रो.......	ईश्वरी आचार्य		३
५)	What About You	मणिराम सैंजु	कविता	४
६)	धार्मिक....बेत्रावती	सुवास आगमन	इतिहास	५
७)	गीत	जयन्ती ओझा	गीत	११
८)	Environmental..	अच्युत दाहाल	लेख	१२
९)	नेताज्यूलाई अनुरोध	उदय घिमिरे	कविता	१३
१०)	नेपाल	राजु शर्मा घिमिरे	कविता	१४
११)	केही हाइकु	रेणुका भट्टराई	हाइकु	१५
१२)	हाइकु	वैकुण्ठ भट्ट	हाइकु	१५
१३)	नेपाली भाषा...	शिवराम चालिसे	लेख	१६
१४)	IT Scenario	गुन्जन ढकाल	लेख	१८
१५)	धारा १२७	सुरज आचार्य	कविता	१९
१६)	मुक्तक	श्रेष्ठ जि.वि.	मुक्तक	२०
१७)	सुन्दरी र....		प्रसंग	२१
१८)	लेख्न नहुने कविता	पुरुषोत्तम लम्साल	कविता	२२
१९)	महान विचार	राजन प्र. न्यौपाने	कथा	२३
२०)	Propugn	आशिक डंगोल	कविता	२५
२१)	बाटो	विकाश गुबाजु.	कविता	२६
२२)	Globalisation	बसन्त सिटौला	लेख	२७
२३)	गजब भो	ईश्वर रिजाल	कविता	२८
२४)	जीवन	सन्जीव योञ्जन	कविता	२९
२५)	Situation In...	देवराज सापकोटा	लेख	३०
२६)	तिमी	सृजना भट्ट	कविता	३२
२७)	गजल	बाबुराम लामिछाने	गजल	३३
२८)	सोचको शुभारम्भ...	पुरुषोत्तम प्याकुरेल	लेख	३४
२९)	मेरो गाउँ	ईश्वर थापा मगर	कविता	३७
३०)	गीत	नीरलाल श्रेष्ठ	गीत	३८
३१)	के तपाईंले रंग...	सिजन श्रेष्ठ	जानकारी	३९
३२)	पापी ईश्वर	मिलन कुमार डंगोल	कविता	४०
३३)	कार्ल मार्क्स	केशव फुर्याल	लेख	४१
३४)	अध्ययन	कृष्ण प्र. अर्याल	लेख	४२
३५)	पीडा	सुरज लवट	कविता	४३
३६)	मेरो परिचय	सबी श्रेष्ठ	कविता	४४
३७)	ऐनामा आफूलाई...	दिपेन श्रेष्ठ	कविता	४५
३८)	बेघविखनबाट...	शशी लामिछाने	लेख	४७
३९)	भरिएको खोक्रो...	रन्जना थापा	कविता	४९
४०)	भुल्न सकिन	सुजन डंगोल	गीत	५०
४१)	वास्तविकता	जीवराज निरौला	लघुकथा	५१
४२)	मान्छे	दिपक प्याकुरेल	कविता	५२
४३)	चिनारी			५३
४४)	पत्रपत्रिकाहरुमा बेत्रगगा सोसाईटी			५४
४५)	... ... र अन्त्यमा	लक्ष्मण डंगोल	लेख	५५
४६)	बेत्रगंगा सोसाईटीको विधान-२०६०			५६
४७)	बेत्रगंगा सोसाईटीको साधारण सदस्यहरुको नामावली			६१

नु.जि.प्र.का.द.नं. ६०५/६०/६१

बेत्रगंगा

(मुखपत्र)

बर्ष १, अंक १, २०६१ ज्येष्ठ

सम्पादक

सुवास आगमन

कार्यकारी सम्पादक

लक्ष्मण डंगोल

सुरज लवट

सहयोगीहरु

इश्वर थापा मगर

दिपेन्द्र श्रेष्ठ

सिजन श्रेष्ठ

बेत्रगंगा सोसाईटी

बेत्रावती बजार

नुवाकोट

प्रकाशक
बेत्रगंगा सोसाईटी
बेत्रावती बजार, नुवाकोट

प्रकाशित संख्या
५०१ प्रति

सर्वाधिकार
प्रकाशकमा

सम्पर्क
बेत्रगंगा सोसाईटी
गेर्खु ९,बेत्रावती बजार,
नुवाकोट
E-mail :- bgsociety2004@yahoo.com

मुद्रण तथा कम्प्युटर डिजाईन
स्वेता अफसेट प्रेस
बालाजु-बाइसधारा, फोन नं. ४३६१२७७

सहयोग
संस्थागत :-रु.१००/-
व्यक्तिगत :-रु.३०/-

बेत्रगंगा

(मुखपत्र)

BETRAGANGA



बेत्रगंगा सोसाईटी

बेत्रावती बजार

नुवाकोट